**निर्णय न १ :**

विभिन्न समितिहरुले तयार गरी विधेयक समितिमा छलफल भई पेश भएका तपसिल बमेजिमका कार्यविधिहरु पारित गर्ने निर्णय गरि ती कार्यविधिहरुलाइ कार्यान्वयन गर्न कार्यपालिकाको कार्यलयलाइ निर्देशन दिने निर्णय गरियो ।

(क) भवन नियमित गर्ने सम्बन्धी कार्यविधि २०७५

(ख) टोल विकास संस्था गठन सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५

(ग) कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यविधि २०७५

**निर्णय नं २ :**

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रबिधि महाशाखाको मिति २०७५/२२० च.नं २१४को पत्रबाट ईट्टाभट्टा उद्योग दर्ता, नविकरण गर्दा स्थानीय तहको कार्यपालिकाको वैठकले निर्णय गरी दर्ता तथा नविकरणको लागि सिफारिस भई आएमा मात्र दर्ता, नविकरण गर्ने भनि उल्लेख भै आएको सन्दर्भमा यस नगरक्षेत्रमा रहेको ईट्टाभट्टाको म्याद फरक फरक समयमा सकिने भएको, उद्योगीले पनि नविकरण सिफारिश माग गर्दा फरक फरक मितिमा गर्ने भएको र त्यसरी माग गरेको अवस्थामा कार्यपालिकाको बैठक बस्न सक्ने हवस्था नभएकोले नगर प्रमुखबाट निर्णय गरी कार्यन्वयन गर्ने र त्यसपछिको कार्यपालिकाको वैठकमा पेस गर्नेगरी नगरप्रमुखलाई अधिकार दिने निर्णय गरियो । साथै नगर कार्यपालिका वैठकबाट अनुमोदन गर्नेगरी खनाल ईट्टा उद्योग र अनमोल ईट्टा उद्योगको नविकरण गर्ने गरी नगरप्रमुखबाट गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :**

नगरसभा, नगर कार्यपालिका एबम् नगरप्रमुखको निर्णयबाट निर्माण भएका समिति, उपसमिति कार्यदलको बैठक बस्दा अन्य समितिले नियमानुसार पाउने वैठक भत्ता त्यसरी गठन हुने समिति तथा कार्यदलका सदस्यहरुलाइ उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ४ :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ ले मार्गदर्शन गरे अनुरुप स्थानीय साधन र श्रोत, श्रमिकको ज्याला लगायतका बिषय समाबेश गरी नगर दररेट तयार गर्नुपर्ने ब्यबस्था अनुरुप छिमेकी नगरपालिका ,जिल्ला समन्वय समितिले तय गरेको दररेटलाई आधारमानी नगर प्रमुखको संयोजकत्वमा गठित समितिले तयार गरी पेशगरेको आर्थिक वर्ष २०७५/०७६ का लागि वस्तु तथा सेवाका नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५:**

खैरहनी नगरक्षेत्रमा घटेका विपद्का घटनाहरुबाट पीडित परिवारलाई राहत प्रदान गर्दा एकद्वार प्रणालीको अवलम्बन गर्दै एकरुपता कायम गर्ने प्रयोजनका लागि कार्यविधि तयार गर्ने र त्यस्ता कार्यविधि तयार नबनिन्जेल बातावरण तथा विपद ब्यबस्थापन समितिले त्यस्ता विपद्मा परेकालाइ राहत प्रदान गर्नेगरि गरेका निर्णय बमोजिम कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :**

वडा नं. ८ को श्याम गुप्ताका घरदेखी सुमित्रा बस्नेतको घरसम्म मोजाइक टाइल लगाउनका लागि खर्च भएको रकम रु. १,७३,१६०।– मध्ये नगरपालिकाबाट स्थानीय विकास बिशेष कोषबाट भुक्तानी भएको रु.१,४८,०००।– अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :**

नेपालीहरुका चाडवाड नजिकिदै गर्दा विभन्न वडाहरुबाट सडक बत्तीको माग भइ अएको र उक्त शिर्षकमा नगरपालिकामा बजेट बिनियेजन नभएकोले उक्त कार्यका लागि सम्बन्धित वडाकै बजेटबाट खर्च गर्ने गरी वडा कार्यालयबाट उपभोक्ता समिति गठन गरी पठाउने र कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :**

नगरपालिकाको आफ्नो सभाहल सानो भएको, नगरसभा लगायतका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सभाहलको अवश्यकता भएकाले नगरपालिका परिसर भित्र सभाहल बनाउन आवश्यक प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ९ :**

वडा कार्यलयहरुका प्रशासकीय भवनहरु क्रमश बनाउदै जाने नीति अनुसार वडा नं. ४ को भवन बनाउने स्थानको एकिन भइ सकेकाले सो वडाका लागि प्रशासकीय भवन निर्माण गर्ने प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यलयलाइ निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १० :**

नगरपालिका क्षेत्रभित्र पर्ने राजमार्ग आसपासका स्थानमा रहेका खाल्डाखुल्डी पुर्ने, सडक क्षेत्राधिकार भित्रका जग्गामा रहेका झाडी फाड्ने माटोका ढिस्काहरु सम्याउने आदि कार्य गर्न भनी डिभिजन सडककार्यालयसंग समन्वय गरी सो कार्यालयको ग्रेडर प्रयोग गिरएको थियो । एक महिना भन्दा बढी समयसम्म प्रयोग भएको उक्त ग्रेडरको लागि अवश्यक पर्ने इन्धन, त्यसमा खटिएका कर्मचारीहरुको खाजा, खाना तथा बासको व्यवस्था नगरपालिकाले गर्ने भन्ने सहमती अनुसार वडा नं. ९ को राप्ती नगरपालिकाको सीमाना देखी वडा नं. ८ र वडा नं. १ को रत्ननगर नगरपालिकाको सिमाना सम्म माथि उल्लेखीत कार्य सम्पन्न भइ सकेको छ । उक्त कार्यका लागि इन्धन खर्च रु.३,९३,००४।८० कामदार कर्मचारी खाना तथा खाजा र बास बसेको खर्च रु १,०७,७८५।– र ममर्त खर्च रु ११,०००।– गरी जम्मा रु. ५,११,७८९।८० खर्च भएकाले सो रकम मर्मत सम्भार बिशेष कोषबाट खर्च गर्ने गरि भएको निर्णय समर्थन गर्ने निर्णय गरियो ।